| गाउँसभाबाट पारित ऐन नं. | १ |
|---|---|

# भूमे गाउँपालिका

# आर्थिक ऐन, २०७४

गाउँसभाबाट स्वीकृत मितिः २०७४/०४/३१

भूमे गाउँपालिका

रुकुम

# भूमे गाउँपालिकाको आर्थिक ऐन २०७४

## भूमे गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः** भूमे गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम भूमे गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "भूमे गाउँपालिकाको आर्थिक ऐन, २०७४" रहेको छ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि भूमे गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर बहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले बहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **फोहोरमैला व्यवस्थापन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र फोहोरमैलाको उचित व्यवस्थापन गर्न अनुसूची १४ मा उल्लिखित दरमा फोहोरमैला व्यवस्थापन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१६. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

अनुसूची १

सम्पत्ती कर

| क.सं. | विवरण | विस्तृत विवरण | दर (रु./वर्ष) |
|---|---|---|---|
| १ | पक्की घर | RCC ढलान घर | १० |
| २ | पक्की घर | माटो र ढुङ्गाले बनेको तर प्लाष्टर गरिएको | ८ |
| ३ | कच्ची घर | माटो र ढुङ्गाले बनेको, सिलेट/ढुङ्गाले छाएको | ७ |
| ४ | कच्ची घर | माटो र ढुङ्गाले बनेको, जस्ता पाताको छाना भएको | ६ |
| ५ | कच्ची घर | माटो र ढुङ्गाले बनेको, खरको छाना भएको घर | ५ |

अनुसूची २

भूमि कर (मालपोत)

| क.सं. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | जग्गा रजिष्ट्रेशन शुल्क | कूल मूल्याङ्कनको | २.००% |
| | मालपोत | (५०० ब.मि.) | १० |
| नोटः २ वर्षभन्दा लामो समयसम्म कर नबुझाउनेलाई जम्मा कर रकममा २५%, ५ वर्षभन्दा बढी समय कर नबुझाउनेलाई ३५%, र ८ वर्षभनेदा लामो समय कर नबुझाउनेलाई ५०% थप जरिवाना लाग्नेछ। तर आ.व. 2074/०७५ भन्दा अगाडिको मालपोत रकम र जरिवाना साविककै नियम र दर रेट अनुसार लाग्नेछ। | | | |

अनुसूची ३

घर बहाल कर

| क.सं. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | घर बहाल कर | कोठा वा घरभाडाको | १०% |
| घर बहाल करका लागि विभिन्न घर/ग्यारेज/घुम्तीको प्रति कोठाको न्यूनतम भाडा दर (रुपैयाँमा) देहाय बमोजिम हुनेछ। | | | |
| *क* | *मध्यपहाडी लोकमार्ग अन्तर्गतका मुख्य बजार क्षेत्रमा दोमही, सिसाघारी, खाबाङ बजार, त्रिवेणी, लुकुम बजार र गाउँपालिका कार्यालय रहेको क्षेत्र वरिपरि* | *आवास* | *५००* |
| | | *पसल/व्यवसाय* | *१५००* |
| *ख* | *अन्य मुख्य बजार क्षेत्र (बालुवा बजार, महत बजार, चुनबाङ गैरीगाउँ बजार)* | *आवास* | *४००* |
| | | *पसल/व्यवसाय* | *१०००* |
| *ङ* | *अन्य* | *ग्यारेज* | *१०००* |
| | | *घुम्ती* | *३००* |

अनुसूची ४

व्यवसायी कर

| व्यवसाय दर्ता/नवीकरण शुल्क | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | विस्तृत विवरण | वार्षिक दर |
| १ | किराना पसल | थोक | ४००० |
| | | खुद्रा | २००० |
| | | कम पूँजी भएका किराना (ग्रामीण) | १००० |
| २ | कपडा/फेन्सी/जुत्ता चपल/ब्याग/कस्मेटिक पसल | थोक | ४००० |
| | | खुद्रा | २००० |
| ३ | लेडिज/जेन्स पार्लर/ नाई व्यवसाय | पार्लर तथा कपाल काट्ने व्यवसाय | १००० |
| ४ | होटल व्यवसाय | लजिङ फुडिङ सेवाको होटल | ३००० |
| | | खाना, चिया, नास्ता होटल | १५०० |
| | | चिया, नास्ता पसल | १००० |
| ५ | उद्योग | क्रसर उद्योग | १०००० |
| | | ग्रिल उद्योग | ३००० |
| | | काष्ठ/फर्निचर (ठूला पूँजी) | ४००० |
| | | काष्ठ/फर्निचर (साना पूँजी) | ३००० |
| | | कागज उद्योग | २५०० |
| ६ | ढुंगा तथा गिट्टी बालुवा बिक्री | प्रति ट्रिप | ५०० |
| ७ | सिलाइ कटाई | टेलरिङ सुविधा | ३००० |
| | | साधारण सिलाई कटाई | १००० |
| ८ | मदिरा पसल | वितरक | ५००० |
| | | थोक | ४००० |
| | | खुद्रा | २००० |
| ९ | औषधी/एग्रोभेट/आयुर्वेदिक औषधी पसल | बढी पूँजी (५ लाख भन्दा माथि) | ५००० |
| | | कम पूँजी (५ लाख भन्दा कम) | २५०० |
| १० | इलेक्ट्रोनिक पसल (मोबाइल,घडी,अडियो,भिडियो आदि) | बढी पूँजी (५ लाख भन्दा माथि) | ५००० |
| | | कम पूँजी (५ लाख भन्दा कम) | ३००० |
| ११ | पेट्रोलियम पदार्थ | पेट्रोल पम्प (साधारण बिक्रेता) | ५००० |
| | | प्याड बिक्रेता | ३००० |
| | | ग्याँस सिलिण्डर सब डिलर | ३००० |

| | | | |
|---|---|---|---|
| | | मट्टितेल मात्र बिक्री | १५०० |
| १२ | हार्डवेयर/मेशिनरी/स्यानिटरी/मार्बल/स्टिल/ आल्मुनियम पसल | थोक | ४००० |
| | | खुद्रा | ३००० |
| १३ | भाँडा पसल (सबै खाले) | थोक | ४००० |
| | | खुद्रा | २००० |
| १४ | स्टेशनरी तथा पुस्तक पसल | थोक | २००० |
| | | खुद्रा | १००० |
| १५ | पार्किङ व्यवसाय | | ५०० |
| १६ | फलफूल तथा तरकारी पसल | थोक | ६०० |
| | | खुद्रा | ४०० |
| १७ | पानी घट्ट | ६ महिनाभन्दा कम चल्ने | ३०० |
| | | ६ महिनाभन्दा बढी चल्ने | ५०० |
| १८ | वित्तीय क्षेत्र | बचत तथा ऋण सहकारी फाइनान्स कम्पनी | २००० |
| | | मनि ट्रान्सफर, लघु वित्त | १५०० |
| | निजी शैक्षिक संस्था दर्ता | | १५००० |
| १९ | शैक्षिक संस्था (निजी) कक्षा थप | प्रति कक्षा संख्या | १००० |
| २० | पानी मिल | कुटानी/पेलानी | १००० |
| २१ | सुनचाँदी पसल | गरगहना निर्माण तथा खरिद बिक्री | २५०० |
| २२ | मर्मत पसल | मोटर पार्टस बिक्री तथा मर्मत | १५०० |
| २३ | पेन्टर पसल | पेन्टिङ/साइन बोर्ड लेख्ने काम | २००० |
| २४ | चौपाया व्यापार व्यवसायी | प्रति चौपाया | ५० |
| २५ | झोला कुम्लाको व्यापारी | पटके शुल्क प्रति कुम्ला (रसिद अनिवार्य गाउँपालिकाभर लागू हुने १५ दिनसम्म) | १००० |
| नोटः व्यवसाय दर्ता गरेपछि प्रत्येक आर्थिक वर्षमा नवीकरण गर्नुपर्ने छ। नविकरण वापत ५०% शुल्क | | | |

अनुसूची ५

जडिबुटी, कवाडी र जीवजन्तु कर

| | | | |
|---|---|---|---|
| **क.सं.** | **विवरण** | **विस्तृत विवरण** | **दर** |
| १ | जडिबुटी (सबै प्रकारका जडिबुटीजन्य च्याउ, झ्याउ समेत) | प्रचलित बजार मूल्यको | ५% |
| २ | काठ | प्रति घनफिट | ५ |

| | | | |
|---|---|---|---|
| ३ | कवाडी माल | सिसा प्रति बोरा | १० |
| | | फलाम कागज, प्लाष्टिक प्रतिकिलो | ०.५ |
| ४ | खोटो | प्रति लिटर/किलो | ५ |
| ५ | कानुनले निषेध गरेको बाहेक अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, छाला, प्वाँख | कूल मूल्यको | २% |

अनुसूची ६

सवारी साधन कर

| |
|---|
| गाउँ कार्यपालिकाले कार्यविधि बनाई लागू गरिनेछ। |

अनुसूची ७

विज्ञापन कर

| सार्वजनिक स्थलमा विज्ञापन वा साइन बोर्ड राखे वापत वार्षिक | | | |
|---|---|---|---|
| **क्र.सं.** | **विवरण** | **विस्तृत विवरण** | **दर** |
| १ | होर्डिङ बोर्ड | प्रति वर्ग फिट | ५० |
| २ | रङ्गिन विज्ञापन (फ्लेक्स) | प्रति वर्ग फिट | २५ |
| ३ | अन्य पोष्टर, पम्पलेट | प्रति वर्ग फिट | १० |

अनुसूची ८

मनोरञ्जन कर

| | | | |
|---|---|---|---|
| **क्र.सं.** | **विवरण** | **विस्तृत विवरण** | **दर** |
| १ | मेला महोत्सव | प्रति दिन | १००० |
| | खेलकूद लगायत अन्य मनोरञ्जनात्मक तथा प्रतियोगितात्मक कार्यक्रम | पटक | १००० |
| २ | क्यारम बोर्ड | प्रति क्यारम बोर्ड | १००० |

अनुसूची ९

बहाल बिरौटी कर

| |
|---|
| गाउँ कार्यपालिकाले कार्यविधि बनाई लागू गरिनेछ। |

## अनुसूची १०

### पार्किङ शुल्क

| तोकिएको पार्किङ क्षेत्रमा मात्र | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | विस्तृत विवरण | दर |
| १ | दुई पाङ्ग्रे सवारी साधन | ३ घण्टा सम्म रु | ५ |
| | | ३ घण्टाभन्दा बढी प्रतिघण्टा रु | १० |
| २ | चार पाङ्ग्रे सवारी साधन | ३ घण्टा सम्म रु | १० |
| | | ३ घण्टाभन्दा बढी प्रतिघण्टा रु | २० |

नोटः सरकारी सवारी साधनलाई पार्किङ शुल्क नलाग्ने ।

## अनुसूची ११

### ट्रेकिङ शुल्क

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर (ने रु) |
|---|---|---|---|
| १ | स्वदेशी | प्रति दिन | ५० |
| २ | विदेशी | प्रति दिन | १०० |

## अनुसूची १२

### सेवा शुल्क दस्तुर

### सिफारिश र प्रमाणित शुल्क

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | प्रमाणित शुल्क | नाता प्रमाणित गर्ने | १५० |
| २ | | जन्मिति प्रमाणित गर्ने, गराउने | १५० |
| ३ | | विवाहित प्रमाणित | १५० |
| ४ | | अविवाहित प्रमाणित गर्ने | १५० |
| ५ | | घरपाताल प्रमाणित गर्ने | १५० |
| ६ | | व्यक्तिगत विवरण प्रमाणित गर्ने | १५० |
| ७ | | जीवितसँगको नाता प्रमाणित गर्ने | १५० |
| ८ | | हकवाला वा हकदार प्रमाणित गर्ने | ३०० |
| ९ | | कागज र मन्जुरीनामा प्रमाणित गर्ने | २०० |
| १० | | जग्गा मूल्याङ्कन सिफारिश प्रमाणित गर्ने | ५०० |
| ११ | | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | ० |
| १२ | | संरक्षक प्रमाणित गर्ने | १०० |

| | | | |
|---|---|---|---|
| १३ | | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | ५०० |
| १४ | सिफारिश शुल्क | अंग्रेजी माध्ययममा सिफारिश तथा प्रमाणित गर्ने | २०० |
| १५ | | अपाङ्ग सिफारिश | ० |
| १६ | | नाबालक परिचयपत्र सिफारिश | १०० |
| १७ | | व्यक्तिगत संरक्षक सिफारिश गर्ने | ० |
| १८ | | संस्थागत संरक्षक सिफारिश गर्ने | १५० |
| १९ | | नागरिकता सिफारिश | १५० |
| २० | | नागरिकता प्रतिलिपी सिफारिश | १५० |
| २१ | | वैवाहिक अङ्गिकृत नागरिकता सिफारिस | ३०० |
| २२ | | छात्रवृत्ति सिफारिश (विपन्न छात्रवृत्ति निशुल्क) | १५० |
| २३ | | बहाल करको लेखाजोखा सिफारिश | १५० |
| २४ | | मोही लगत कट्टाको सिफारिश | १५० |
| २५ | | घरजग्गा करको लेखाजोखा गरी सिफारिस गर्ने | १५० |
| २६ | | व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिश गर्ने | १५० |
| २७ | | मिलापको कागज गराउने निवेदन दर्ता गर्न सिफारिस गर्ने | १५० |
| २८ | | निःशुल्क स्वास्थ्य उपचार सिफारिश | ० |
| २९ | | सशुल्क स्वास्थ्य उपचार सिफारिस | १०० |
| | | पुर्जामा पक्की घर कायम गर्न सिफारिस (प्रति वर्ग मि) | ५ |
| ३० | | पुर्जामा कच्ची घर कायम गर्न सिफारिस (प्रति वर्ग मि) | ३ |
| ३१ | | फरक-फरक नाम,थर, जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिश | २०० |
| ३२ | | नाम, थर वा जन्ममिति संशोधनको सिफारिश | २०० |
| ३३ | | अस्थायी/स्थायी बसोबास सिफारिश | १५० |
| ३४ | | जग्गा दर्ता सिफारिश | २०० |
| ३५ | | जग्गाधनी पूर्जा हराएको सिफारिश | २०० |
| ३६ | | कित्ताकाट गर्न सिफारिश | २०० |
| ३७ | | नामसारी गर्न सिफारिस | २०० |
| ३८ | | जग्गाको हक सम्बन्धमा सिफारिस | २०० |
| ३९ | | मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस | १५० |
| ४० | | जीवित रहेको सिफारिश | १५० |
| ४१ | | उद्योग ठाउँसारी गर्न सिफारिश | ३०० |
| ४२ | | विद्यालय खोल्न सिफारिस | १००० |

| | | | |
|---|---|---|---|
| ४३ | | विद्यालयको कक्षा कक्षा थप्न सिफारिस (प्रति कक्षा) | ५०० |
| ४४ | | विद्यालय ठाउँसारी गर्न सिफारिस | ५०० |
| ४५ | | पालन पोषणका लागि सिफारिस | ० |
| ४६ | | धारा जडानको लागि सिफारिस | १०० |
| | | विद्युत जडानको लागि सिफारिस | १०० |
| ४७ | | संस्था दर्ता सिफारिश | १००० |
| ४८ | कोठा खोल्ने कार्य/ रोहबरमा बस्ने | | ३०० |
| ४९ | सर्जिमिन मुचुल्का | | ५०० |
| ५० | योजनाको भुक्तानी फरफारक सिफारिश | सम्पन्न तथा भुक्तानी | 0.5% |
| ५१ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिश | | १००० |
| ५२ | उद्योग दर्ता सिफारिश | | १००० |
| ५३ | कोर्ट फि मिनाहा सिफारिश | | ० |
| ५४ | चौपाया सम्बन्धी सिफारिश | प्रति चौपाया | २० |
| ५५ | घर जग्गा नक्सा पास दस्तुर | पक्की घर | २००० |
| ५६ | | कच्ची घर | १००० |
| ५७ | घर सम्पन्न सिफारिस | पक्की घर | २००० |
| ५८ | | कच्ची घर | १००० |
| ५९ | व्यक्तिगत घटना दर्ता शुल्क (३५ दिनभित्र निशुल्क) | जन्म दर्ता | १५० |
| ६० | | मत्यु दर्ता | १५० |
| ६१ | | विवाह दर्ता | १५० |
| ६२ | | बसाइसराइ (आउने/जाने) | १५० |
| ६३ | | सम्बन्ध बिच्छेद | १५० |

अनुसूची १३

पर्यटन शुल्क (प्रतिदिन)

| क.सं. | विवरण | विस्तृत विवरण | दर (ने रु) |
|---|---|---|---|
| १ | दृष्यावलोकन | स्वदेशी | ५० |
| | | विदेशी | १५० |
| २ | अध्ययन भ्रमण | स्वदेशी | ५० |
| | | विदेशी | १५० |

अनुसूची १४

फोहोरमैला व्यवस्थापन शुल्क

| क.सं. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | होटल व्यवसाय | मासिक | १०० |
| २ | पसल | मासिक | ५० |
| ३ | घरबाट निस्कने फोहर | मासिक | २० |